

# समता ग्लोबल सिनेट अमेरिका र समता स्कूल काठमाण्डौंका वीचमा उत्पन्न विवाद समाधानका लागि गठित स्वतन्त्र मूल्यांकन समितिले गरेको छानविन प्रतिवेदन – २०२३

# पृष्ठभूमि

अमेरिकामा गैह्र नाफामुलक संस्थाको रुपमा दर्ता भएको समता ग्लोवल सिनेट र नेपालमा वालवालिकाको शिक्षाको लागि न्यून शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्ने अभिप्रायले स्थापना भएको समता स्कुल वीच भएको सहकार्य गर्ने सम्वन्धि विषयमा विवाद उत्पन्न भएको थियो । उक्त विवादका विषयमा सरोकारवाला पक्षहरुसँग छलफल गर्ने र  विवादित विषयहरुलाई सत्य,तथ्य रुपमा जस्तको तस्तै विवरण तथा रिपोर्ट समेत तयार पार्नका लागि समता ग्लोवल सिनेट ईन्डिपेन्डेन्ट रिभ्यु कमिटि ( स्वतन्त्र मूल्यांकन समिति ) गत जुलाई १० तारिख,२०२३ को दिन गठन भएको हो ।

ग्लोवल समता सिनेटको वाईलजमा समेत उक्त व्यवस्था भएकाले सोही वाईलजको व्यवस्था अनुसार साधारण सभावाट समेत अनुमोदन गरि यो स्वतन्त्र समिति गठन गरिएको थियो । यसैले यसको परिधी र दायरा भनेको एउटा स्वतन्त्र तटस्थ र वस्तुपरक आधारमा भए गरेका कामकारवाही, अभ्यास, लेखांकन लगायतका विषयमा समेत हेर्नु पर्ने दायित्व रहेको थियो ।

यस समितिको अर्को महत्वपूर्ण पक्ष भनेको विवादमा आएका दुई संस्थाहरु दुई देशमा रहेको हुनाले त्यसरी कार्यसञ्चालन गर्दा दुई देशमा गैर नाफा मुलक संस्थाहरुको कार्यसञ्चालन सम्बन्धि प्रतिपादित नीति,नियमहरु आकर्षित हुन सक्छन भन्ने मान्यतालाई विर्सनु न्यायोचित हुने छैंन् ।

यसैले यस समितिमा समुदायमा ख्याति कमाएका, स्वतन्त्र रुपमा विश्लेषण गर्न सक्ने क्षमता भएका, गैर नाफा मुलक संस्थाको अभ्यास र मापदण्डहरुका आधारमा कानूनी दायरा भित्र रहेर गरिने अभ्यासमा अनुभव हासिल गर्नु भएका,सामाजिक रुपमा निस्वार्थ भावका साथ कुनै पनि व्यक्ति या समूहमा नलागि स्वतन्त्ररुपमा आफनो धारणा प्रदान गर्न सक्नुहुने व्यक्तित्वहरुलाई सहभागी गराइएको थियो ।

यो कमिटीमा रहनु भएका प्रवुद्ध व्यक्तित्वहरुको नामावली यो प्रतिवेदनको अन्तिममा राखिएको छ ।

यो कमिटीको तर्फवाट वनाइएको गाईडलाईन अनुसार विभिन्न मितिमा यसका सरोकारवाला समूहका व्यक्तित्वहरु समक्ष छलफल र जिज्ञासा राखेको थियो , यसै गरी गत नोभेम्वर ५ देखि २२ सम्म अमेरिकाको विभिन्न राज्यमा समता ग्लोवल सिनेटको आव्हानमा भएको समता साँझ , विभिन्न राज्यहरुमा विभिन्न तरिकाले प्रतिव्यक्ति हजार डलर तिरेर सिनेटर वन्नुभएकाहरुको दान र संकलित भएको रकमको व्यवस्थापन, तत्पश्चात उत्पन्न भएको विवादको विषयमा समेत यस समूहका सदस्यहरुले सुक्ष्म रुपमा अध्ययन गर्नु भएको थियो । यसरी अध्ययन गर्नका लागि सार्वजनिक रुपमा उपलब्ध भएका  तथ्यांकहरु, आधिकारिक रुपमा वेभसाईटमा राखिएका डकुमेन्टहरुलाई समेत प्रमाणको रुपमा लिइएको थियो । यसैगरी आन्तरिक रुपमा दुई संस्थाहरुले आदान प्रदान गरेका पत्राचारहरु र यस विषयमा विभिन्न माध्यमवाट संकलन गरिएका डकुमेन्टहरु, उपलब्ध तथ्यांक, सामाजिक सञ्जालमा व्यक्त गरिएका विषयहरुलाई समेत अध्ययन गरिएको थियो । यी विषयहरुलाई प्रमाणको रुपमा लिएर सोही अनुसार अध्ययन, छलफल र वस्तुगत तथ्यहरुको आधारमा टेकेर , अमेरिकामा दर्ताका भएको गैर नाफा मुलक संस्थाको सञ्चालन , कार्यविधी ,प्रतिपादित कानूनी व्यवस्था तथा अभ्यासहरुको समेत अध्ययन गरेर यो प्रतिवदेन तयार पारिएको हो । साथै,दाताहरुको दानले सञ्चालन हुने गैर नाफामुलक संस्था र यसले अंगीकार गर्नुपर्ने कम्प्लाईन्सहरुलाई समेत अध्ययनको क्षेत्र भित्र राखिएको थियो ।



# कमिटीको दायरा

गैर नाफा मुलक संस्थाको आन्तरिक सन्तुलन (चेक एण्ड व्यालेन्स)को लागि स्वतन्त्र मूल्यांकन समिति गठन गरिएको हुन्छ। उक्त समितिले संस्था भित्र आईपरेका चुनौतीहरुको सामना गर्न स्वतन्त्र रुपमा विज्ञहरुलाई समेत आमन्त्रण गरि सत्य,तथ्य जाँच गर्ने गरिन्छ। सभ्य समाजमा कुनै पनि व्यक्तिले आफूले आर्जन गरेको आम्दानीवाट निश्चित रकमलाई दानको रुपमा उपलब्ध गराई त्यसरी प्राप्त दानलाई परिचालन गर्ने परिपाटी रहदै आएको छ। त्यसरी परिचालन गरिएको स्रोत साधनलाई सीमित स्रोतवाट कसरी अधिकतम लाभ दिन सकिन्छ र वास्तवमा उपलब्ध भएको स्रोत आवश्यक व्यक्तिसम्म कसरी व्यवस्थित तरिकाले पुरयाउने भन्ने मुख्य र पेचिलो विषय वनेको छ। यसरी दिइएको दान र लिइएको आर्थिक लाभलाई प्रतिपादित लेखांकनको आधारमा खर्च गरिने सीमाहरु समेत वनाएर काम गर्ने गरि विभिन्न नीति नियम पालना गरेर हरेक गैर नाफा मुलक संस्थाहरुको कार्यसञ्चालन हुने अभ्यास रहेको हुन्छ।

खास गरि कुनै पनि दान गरिएको रकमलाई एकीकृत गरेर लाभान्वित व्यक्ति या संस्थाले पेश गरिने कार्ययोजना (प्रपोजल) को आधारमा रकम निष्काशन गरिने र त्यसरी निकाश गरिएको रकमको खर्च विवरण सम्वन्धित पक्षलाई दिनु पर्ने कार्यगत संरचना रहेको हुन्छ भन्ने मान्यतालाई पनि यस कमिटीले आत्मसात् गरेको छ।

कुनै पनि संस्थागतरुपमा परिचालन गरिने स्रोतको आवश्यकता अनुसार माग, त्यसको खाका तथा कार्ययोजना ,प्रस्ताव उपर छलफल र आवश्यक रकम विनियोजनको निर्णय संस्था सञ्चालनका न्यूनतम आधार हुन् । समितिले चार विषयलाई आफनो अध्ययन र अनुसन्धानको सीमा निर्धारण गरेको थियो ।

## १) संस्थाले गैर नाफा मुलक संस्थाको प्रतिपादित सिद्धान्त अनुसार काम कारवाही गरेको छ कि छैंन् ।

यस विषयमा समितिले गरेको अध्ययन र विश्लेषण पश्चातको निष्कर्ष यस प्रकार रहेको छ । समता ग्लोवल सिनेटले आफनो कार्यसञ्चालनलाई गैर नाफा मुलक संस्थाको रुपमा स्थापना भएर, त्यस अनुसारको वाईलज समेत तयार पारेर काम गर्दे आएको देखिएको छ । यसरी कार्यगर्दा उक्त संस्थाले सकेसम्म पारदर्शी रुपमा आफनो कामहरुलाई सार्वजनिक गर्ने गरेको पाईएको छ । संस्थाको तर्फवाट कतिपय सूचनाहरु आफै वेभसाईटमा समेत राखेर यसका सरोकारवालाहरुलाई सूचना दिइएको पाइएको छ । साथै विभिन्न समयमा मिडियाको माध्यमवाट भए गरेका कामहरुको वारेमा सूचना सम्प्रेषण गरेको पाइएको छ ।

संस्थाको तर्फवाट गरिएको कुराहरुमा खास गरि दुई विषयमा भने यथेष्ट ध्यान दिन नसकेको देखिएको छ । यसरी ध्यान दिन नसकिएको विषयमा पहिलो ,सिनेटरहरुको रकम लाई दीर्घकालीन रुपमा अक्षयकोषमा राखेर काम गरिनेछ भन्ने विषयलाई पर्याप्त रुपमा सूचना नदिइएको देखिन्छ । दोश्रो, त्यसै गरि गैर नाफा मुलक संस्थाले नगदमा कारोवार गरेर नगद रकम समता स्कूललाई दिईनु उत्कृष्ठ अभ्यास नभएको ठहर गर्दे नगद कारोवारलाई कम प्राथमिकतामा राखेर बैंकिङ्ग कारोवार मार्फत काम गर्नु गराउनु हुन यो समिति सुझाव दिन चाहन्छ ।

साथै सिनेटर वन्ने र वनिने विषयमा पहिला नै पर्याप्त मात्रामा सूचना दिएर गर्नु पर्नेमा उक्त विषयमा यथेष्ट ध्यान दिन नसकिएकोले त्यसलाई निश्चित मापदण्ड अनुसार गर्नु,गराउन हुन समितिको सुझाव रहेको छ ।

## २) संस्था र साझेदार संस्थाको वीचमा सहकार्य, सम्झौता र लेखांकनको आधार के कस्ता थिए ?

यस विषयमा समितिको अध्ययन र सरोकारवालहरुसँगको छलफल गर्दा , समता ग्लोवल सिनेट र समता फाउण्डेशन या स्कूलको वीचमा संस्थागत सहकार्य सम्वन्धि कुनै पनि डकुमेन्ट नरहेको र यसमा समता ग्लोवल सिनेटले आफनो रणनीतिक कार्ययोजना अनुसार समता स्कूलका अध्यक्ष उत्तम सञ्जेललाई सामेल गराइएको देखिएको छ ।

यसको लागि निज सञ्जेललाई अमेरिकामा आमन्त्रण गर्ने, अमेरिकामा वसोवासको व्यवस्था मिलाउने ,विभिन्न कार्यक्रमहरुमा सहभागी गराउने, उहाँको सम्पूर्ण खर्च व्यहोर्ने गरि आमन्त्रण गरेको देखिन्छ । साथै उहाँको अपेक्षा सात हजार डलर रहेको भनिएको र विभिन्न तरिकाले २९ हजार २४५ डलर भुक्तानी गरिएको देखिन आएकाले तत्कालिन अवस्थामा भए गरेका सम्वाद र सहमति अनुसार विनियोजित रकम हस्तान्तरण गरिएको देखिएको छ ।

यसैले यो समितिको निष्कर्ष यो रहेको छ की – यी दुई संस्था वीच नेपालका वरिष्ठ कलाकारहरु मदनकृष्ण श्रेष्ठ , हरिवंश आचार्य ,समता स्कूलका अध्यक्ष उत्तम सञ्जेल र समता ग्लोवल सिनेटका अध्यक्ष डा. उत्तम गौली वीच भद्र सहमतिमा (जेन्टलमेन्ट एग्रीमेन्ट) का आधारमा काम प्रारम्भ गरेकाले पछि विभिन्न कारणले विवाद वढदै गएकोले थप जटिल समस्या उत्पन्न भएको देखिएको छ ।

यसको निराकरण पनि त्यही अनुसार खोजेको खण्डमा न्यायोचित हुने यस समितिको निष्कर्ष रहेको छ ।

साथैं,यसरी भ्रमणको व्यवस्थापन गर्ने सन्दर्भमा गरिएका कतिपय कुराहरु अपारदर्शी देखिन्छ।त्यसैले यसमा विवाद वढेको ठम्याई यस समितिको रहेको छ ।यसलाई निराकरण गर्नका लागि र भविष्यमा समेत सहकार्यको वातावरण निर्माण गरेर विपन्न तथा आर्थिक रुपमा सवल नभएका वालवालिकाको शिक्षा प्राप्त गर्न पाउने विषयलाई व्यक्तिगत कुण्ठा,आरोप प्रत्यारोप भन्दा माथि उठेर आपसी भाईचारा सदभाव कायम गर्दे सामाजिक सदभाव कायम राख्न सवै पक्षलाई यस समिति सुझाव दिन चाहन्छ ।

स्मरणीय विषय के पनि देखिएको छ भने, समता ग्लोवल सिनेट र समता स्कूलको वीचमा काम गर्ने ,सहकार्य गर्ने विषय उक्त मिति अर्थात नोभेम्वर १,२०२२ भन्दा अगाडि नै गो फण्ड मार्फत अमेरिकामा रहनु भएका डा. उत्तम गौली र कुमार डाँगीको समन्वयमा रकम संकलन समेत गरेको देखिएको छ । यसैले लामो समय देखि व्यक्तिगत रुपमा सहकार्य र सहभागिता समेत गर्दे दुवै समूहले आत्मसात गरेर एक अर्कोमा सहयोग गर्दे आएको समितिको जानकारीमा आएको छ ।

## ३) मिथ्थ्या र आधारहीन तरिकाले सार्वजनिक भएका र संस्थाको प्रतिष्ठा माथि नै आँच आउने गरि भए गरेका कुराहरुको तथ्य जाँच ।

यस विषयमा असाध्यै कपोकल्पित तरिकाले सामाजिक मूल्य र मान्यता विपरित अभिव्यक्ति दिनु व्यक्तिगत अधिकारको वर्खिलाप, व्यक्तिगत प्रतिष्ठामा आँच आउने , चरित्र हत्या गर्ने जस्ता क्रियाकलाप गरिएको हुनाले यस विषयमा सार्वजनिक गरिएको आरोप र मिथ्या अभिव्यक्तिलाई समेत आत्मालोचना गर्दे अगामी दिनमा सामाजिक मूल्य मान्यतामा वसेर काम गर्न सम्बन्धित पक्षलाई यस समिति ध्यान आकर्षण गराउन चाहन्छ ।

साथैं गैर नाफा मुलक संस्थाले दिएको दान , मानव समुदायको हीतको लागि गरिएको सहयोगको विषयमा उत्तेजना फैलाउने गरि एक पक्षीय रुपमा भिडियो वनाएर प्रसार प्रचार गर्नु प्रतिपादित आचार संहिता विपरित समेत भएकाले सरोकारवाला पक्षलाई आफनो ईथिक्स भित्र रहेर कार्यसम्पादन गर्नको लागि समिति अपिल गर्दछ ।

मिडिया राज्यको महत्वपूर्ण अङ्ग हो, तर अमेरिकामा वसेर सञ्चालन भएपछि यहाँको नीति नियम भित्र रहेर व्यक्तिगत प्रतिष्ठामा आँच आउने गरि कसैको वारेमा अर्नगल प्रचार गर्ने गराउने कार्य प्रतिपादित नियम विपरित हुन्छ भन्ने यस समितिको निष्कर्ष रहेको विषय  पनि स्पष्ट पार्न चाहन्छौं ।

साथै संस्थागत रुपमा पनि कुनै विषयमा धारणा सार्वजनिक गर्दा आफना सदस्य, सरोकारवाल पक्षहरुको वीचमा सञ्चार गर्नका लागि सञ्चार सम्वन्धि निर्देशिकाहरु मार्फत सार्वजनिक गर्न हुन समितिको सिफारिश रहेको छ ।

यसै गरी गलत सूचना र व्याख्यालाई निरुत्साहित गर्न प्रतिपादित कानून,नीति, नियम अनुसार गर्नु गराउनु हुन समिति सिफारिश गर्दछ ।

## ४) संस्थाका संस्थापकहरु, दान दिन व्यक्तित्वहरु र स्टेकहोल्डरहरुको संस्थाको कामकारवाहीको वारेमा के कस्ता चासोहरु छन् ।

खासगरि समता ग्लोवल सिनेटको साधारण सभाले दिएको म्याण्डेट अनुसार सम्पूर्ण सिनेटरहरुलाई केही प्रश्नावली सहित भरिएको फर्म र त्यसमा सिनेटरहरुले दिनु भएको उत्तर समेतको आधारमा एक तथ्यांक सहितको रिपोर्ट यस समितिलाई प्राप्त भएको छ । उक्त तथ्यांकको आधारमा २२ जना सिनेटरहरुले आफनो रकम समता स्कूललाई नै पठाईदिन गर्नु भएको अनुरोध छ भने २४ जनाले सिनेटर कायम राख्दै रकम यही अक्षयकोषमा राख्नका लागि आफनो मत जाहेर गर्नु भएको देखिएको छ । सोही रिपोर्टमा ५४ जनाले रकम फिर्ता लिने विषयमा आफनो मत राख्नु भएको छ । यस विषयमा दान दिएका व्यक्तित्वहरु आफूले दिएको दानको वारेमा खासै चासो नराखेको पाइएको छ ।

यस विषयमा यस समिति देहाय वमोजिमले कार्यान्वयन गर्नु हुन सिफारिश गर्दछ ।
१) २२ जना सिनेटरहरुको भावनालाई कदर गर्दै उक्त रकम यस रिपोर्ट कार्यसमितिले ग्रहण गरेको मितिले तीन साता भित्र समता स्कूललाई उपलब्ध गराई दिन हुन सिफारिश गर्दछ ।

२) ५४ जना सिनेटरहरुको रकम फिर्ताको विषयमा समता ग्लोवल सिनेटलाई यस समिति दाताको ईच्छा अनुसार सुनिश्चत हुने गरि कुनै पनि प्रकारको शुल्क नलिई उनीहरुको रकम पूर्ण रुपमा उपयुक्त माध्यम अपनाएर ९० दिन भित्र हस्तान्तरण गर्न सिफारिश गर्दछ ।

३) २४ जना सिनेटरहरुको मत सिनेटरको रुपमा कायम रहने भन्ने देखिएकाले यसमा थप १०५ जना ( उक्त प्रक्रियामा भाग नलिनु भएका) समेत गरि १२९ जनाको विवरण अद्यावधि गर्दै साधारण सभा मार्फत थप निर्णय लिन यस समिति सिफारिश गर्दछ ।

## भाग २

## सरोकारवाला पक्षहरुसँग छलफल

यस कमिटीले समता ग्लोवल सिनेटको विवादमा आएका, विगतमा विभिन्न राज्यहरुमा गरिएको कार्यक्रमका साझेदार देखि सिनेटर वनेका विभिन्न व्यक्तित्वहरुसँग छलफल र जिज्ञासा राखेको थियो । यसरी राखिएको जिज्ञासालाई उहाँहरुले दिनु भएको धारणा तथा उत्तर विभिन्न कालखण्डमा भए गरेका कामकारवाहीहरुको विषयमा समेत जानकारी दिनु भएको थियो ।
समिति समक्ष आएर आफनो धारणा दिनु भएका व्यक्तित्वहरुको नामावली तल उल्लेख गरिएको छ । साथै उहाँहरुसँग गरिएको सम्वाद समितिले सुरक्षित तरिकाले राखेको जानकारी यसै रिपोर्ट मार्फत दिन चाहन्छौं ।

सहभागीहरु

१) मदन कृष्ण श्रेष्ठ
२) हरिवंश आचार्य
३) डा .उत्तम गौली
४) उत्तम सञ्जेल
५) डा तारा सिग्देल
६) रयाड पण्डित
७) कुमार डाँगी
८) कैलाश डाँगी
९) गोपेन्द्र भट्टराई
१०) वेद खरेल ( विभिन्न माध्यमवाट पत्राचार गरिएको तर अनुपस्थित)
११) टीका ढकाल ( विभिन्न माध्यमवाट पत्राचार गरिएको तर अनुपस्थित)

खास गरि सरोकारवालाहरुसँग विभिन्न चरणमा गरिएको कार्यक्रम,उहाँहरुले भोग्नु भएको समस्या,उहाँहरुको सहभागिता लगायतका विषयमा विभिन्न महानुभावहरुलाई विभिन्न तरिकाले प्रश्नावली तयार पारेर यस समितिको तर्फवाट जिज्ञासा राखिएको थियो । यसमा मुख्य विषयहरु यहाँ समावेश गरिएको छ –

## १) अक्षयकोषको सम्वन्धमा :-

समितिले मुख्य रुपमा ग्लोवल समता सिनेटले आफना सिनेटरहरुलाई सिनेटर वन्न दिइएको प्रतिव्यक्ति एक हजार डलरको विषयमा दुई थरि मत यस समितिसमक्ष पेश गरिएको थियो ।
पहिलो, हामी सिनेटर वन्ने प्रक्रियामा रहँदा हामीहरुलाई यो रकम अक्षयकोषमा राख्नका लागि भनिएको थिएन् । यो विशुद्ध समता स्कूलको लागि सहयोग गर्नको लागि उठाइएको चन्दाको रुपमा हामीहरुले लिएका थियौं ।
दोश्रो, हामीहरुले ग्लोवल समता सिनेटको अवधारणाकाल देखि नै यसको रकम अक्षयकोषको प्रकृतिको हुने छ र यसलाई दीर्घकालीन रुपमा अर्थात आजीवन रुपमा शिक्षा क्षेत्रको लागि सहयोग गर्ने भनेर भनिएको थियो । यस विषयमा धारणा राख्नुहुनेहरुको भनाई थियो – सिनेटरको अवधारणा भनेको नै सिनेटर वन्नु भएका दाताहरुको रकमलाई अक्षय कोषमा राखिनेछ भनेर स्पष्ट रुपमा भनिएको थियो ।

समितिको निष्कर्ष :- यो विषयमा उपलब्ध तथ्यगत आधार, समता साँझको आयोजना गर्नको लागि गरिएका कार्यक्रमहरुका भिडियो , कार्यक्रम शुरु हुन पूर्व अनालाईन सञ्चारमाध्यमहरुमा आएको समाचारहरु लगायतको अध्ययन गर्दा यो समिति यो निकर्षमा पुगेको छ की – समता ग्लोवल सिनेटको सिनेटरहरुले प्रदान गर्नु भएको रकम अक्षयकोषको रुपमा राखेर सञ्चालन गरिने भन्ने अवधारणा शुरु देखि नै भनिदै आएको र त्यही अनुसार सिनेटर वन्न ईच्छुकहरुलाई समेत भनिएको तथ्यगत आधारमा टेकेर अक्षयकोषमा राखेर सोही अनुसार गर्नु गराउन हुन सिफारिश गरिन्छ ।

साथैं, कोष सञ्चालनको लागि अमेरिका या नेपालमा भन्ने विषयमा नेपालका वित्तीय संस्थाहरुसँग पत्राचार समेत भएको देखिइएकोले उक्त रकमलाई प्रतिपादित स्थानीय तथा संघीय सरकारको मातहतमा रहेर नीतिगत तथा कानूनी व्यवस्थालाई अक्षरशः पालना गर्दै कार्यान्वयनमा लैजान हुन समेत समितिले सिफारिश गर्दछ ।

माथि लेखिएका कुराहरुमा तथ्यगत आधार हुदा हुदै पनि समता ग्लोवल सिनेटका पदाधिकारीहरुले सिनेटरको रकमको वारे यथेष्ट सूचना दिने, सिनेटरहरुले गर्नु भएको दान आजीवनको लागि र अक्षयकोष वनाउनका लागि भनेर पर्याप्त सूचना समेत नदिएको देखिएकाले यसलाई सिनेटरहरुको उपलब्ध हुने माध्यमवाट व्यक्तिगत रुपमा पत्रचार,ईमेल, एसएमएस मार्फत गर्न र सूचनाको अपर्याप्तताले गर्दा दाताहरुमा अन्यौल कायम भएकाले समता ग्लोवल सिनेटलाई यसको कार्यान्वयनका लागि सचेत गराउँछ ।

## २. विवाद उत्पन्न सम्वन्धमा

यस समितिले गरेको अध्ययन,अनुसन्धान तथा यसका मुख्य साझेदारहरु संरक्षकद्धय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य तथा समता स्कूल काठमाण्डौंका अध्यक्ष उत्तम सञ्जेल र समता ग्लोवल सिनेटका अध्यक्ष डा.उत्तम गौली मुख्य रुपमा यस कार्यक्रमको अवधारणाकार, दाताहरुलाई एकीकृत गर्न विशेष भूमिका निर्वाह गर्नु भएको र आफनो सम्पूर्ण कुराहरुलाई थाँती राखेर यस महान अभियानमा होमिनु भएको देखिन्छ । यस प्रकारको कार्यको लागि यी चारै मुर्धन्य व्यक्तित्वहरु लगायत यसलाई कार्यान्वयनमा लैजानु हुने कार्यसमितिका सदस्यहरु, विभिन्न राज्यमा कार्यक्रम आयोजकहरु, स्वयंसेवक लगायत पुण्यसेवामा लाग्नु भएका सम्पूर्ण सामाजिक अभियन्तालाई यस समितिको तर्फवाट हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

साना वालवालिकाको शिक्षा जस्तो नैसर्गिक अधिकार प्राप्त गर्नका लागि दानवीरहरुलाई एकीकृत गर्दै, त्यसलाई प्रतिपादित नीति ,नियममा वसेर गैर नाफा मुलक संस्थाको कार्यसञ्चालन भित्र रहेर काम गर्नु निकै चुनौती पूर्ण काम हुन्छ भन्नेमा समिति सहमत रहेको छ । यस्तो पुण्य कार्यमा हातेमालो गरेर आपसी भाईचारा, सदभाव र समन्वय गर्नु वाञ्छनीय देखिएकाले विगतमा भए गरेका कार्यहरुलाई मानवीय त्रुटिको रुपमा अंगीकार गर्दै व्यक्तिगत गाली गलौजलाई आत्मालोचना गर्न र पिडीत पक्षले क्षमादान गरेर सामाजिक रुपमा सदभाव,भाईचारा कायम राख्न यस समिति सरोकारवाला पक्षहरुलाई हदै सम्मको लचिलो वन्न हुन सिफारिश गर्दछ ।

## ३. उपलब्ध फण्डको वारेमा

खास गरि सिनेटरहरुले प्रदान गर्नु भएको रकम दीर्घकालिन रुपको अक्षयकोष वनाएर अगाडि वढने अवधारणा अनुसार रकमलाई ईण्डाओमेन्ट फण्डमा राखेको देखिन्छ ।

यसलाई तेश्रो पक्ष मार्फत लगानी गरिएको र त्यसको आम्दानीको निश्चित हिस्सा शिक्षा क्षेत्रमा खर्च गरिने अभिप्रायले राखिएको देखिएको छ ।

यो अभ्यास गैर नाफामुलक संस्थाको प्रतिपादित नीति अन्तगत नै पर्न गएको देखिन्छ । तसर्थ, यो अवधारणालाई आत्मसात गरिएकोमा समिति अझै वढी नाफामुलक या वढी उत्पादनशील क्षेत्रमा लगानी गर्न सिफारिश गर्दछ । यो फण्डको रिपोर्टको वारेमा हरेक त्रैमासमा कोषाध्यक्ष मार्फत आफनो सिनेटरहरुलाई सूचना प्रदान गर्न सिफारिश गर्दछ ।

## ४. ग्लोवल समता सिनेटको नामको वारेमा

यस विषयमा यस समितिले वोलिरहन आवश्यक देखिएको छैंन् । तर यस समितिको नोटिसमा आए अनुसार यसको नाम परिवर्तन गर्न ग्लोवल समता सिनेटको साधारण सभाले अस्वीकार गरेकाले उपयुक्त समयमा साधारण सभा गरि यसको नाम



परिवर्तन गर्न यसका अन्य सदस्यहरुको समेत सहभागिता प्रजातान्त्रिक अभ्यास मार्फत निर्णय लिन सिफारिश गर्दछ ।

## ५.कार्यक्रममा उठेका रकमको वारेमा :

विभिन्न राज्यहरुमा भए गरेका कार्यक्रमहरुमा विशेष गरि न्यूयोर्क र क्यालिफोर्नियाको वित्तीय विवरण विश्लेषण गर्दा पारदर्शि नपाइएको छ । क्यालिफोर्नियाको हकमा करिव २० हजार डलर रकमको विषयमा समितिले कुनै विवरण समेत प्राप्त गर्न नसकेको अवस्था छ ।  यस विषयमा क्यालिफोर्नियाको कार्यक्रम सञ्चालनको सन्दर्भमा थप पारदर्शीताको खाँचो रहेको देखिन्छ ।  यसलाई आवश्यक तवरले व्यवस्थापन गर्न कार्य समितिलाई विशेष सिफारिश गर्दछ ।

# भाग ३

## समितिको निष्कर्ष

सीमित स्रोत र साधन भएका वालवालिकालाई शिक्षा जस्तो महत्वपूर्ण साधनको माध्यमवाट जीवन परिवर्तन गराउने प्रयासमा जुटिरहेको समता स्कूलका विद्यार्थीहरुको सहयोगको लागि समेत भनेर गठन गरिएको समता ग्लोवल सिनेटले सह्रानीय प्रयास गरेको देखिएको छ ।
साथैं यस अभियानमा जोडिएर आफूले कमाएको रकम दान गर्ने दाताहरु , यो विषयका परिकल्पना गरेर अहोरात्र खटेर काम गर्नु भएका सम्पूर्ण व्यक्तित्वहरुको योगदान अतुलनीय रहेको छ ।
उठेको रकमलाई कसरी र कुन प्रणाली मार्फत व्यवस्थापन गर्ने भन्ने विषयमा दुई समूहमा विभाजित भएर मतभेद वढदै जाँदा व्यक्तिगत आरोप प्रत्यारोपमा उत्रिएर दाताहरुको भावनामा ठेस पुरयाउने कार्य गरिएकोले यो चिन्ताको विषय रहेको छ ।
विश्व व्यापी रुपमा मानव हीतमा समर्पित, सिद्धहस्त साधकहरुले समेत कुनै पनि विषयमा उत्पन्न भएका विवादलाई समाधान गर्न सकिने अनेकन उपायहरु अविलम्वन गरेका छन् । यस्तो उत्कृष्ट अभ्यास हुँदा हुँदै आवेग, उत्तेजना र भावनामा बगेर व्यक्तिगत चरित्र हत्या सम्ममा पुग्नु शिक्षा क्षेत्रका व्यक्तित्वहरुको लागि शोभनीय हुन सक्दैन भन्ने कुरामा यो समितिका प्रवुद्ध व्यक्तित्वहरु एक मत हुनु भएको छ ।

यसलाई व्यवस्थापन गर्नका लागि मुख्य साझेदारको रुपमा रहनु भएका चार जनाको वीचमा पुन ः एक पटक सौहाद्र्र वातावरण निर्माण गरेर यस सम्वन्धि विवादलाई सदाको लागि अन्त्य गर्दै भविष्यमा एक आपसमा सहयोगी भावना कायम गर्दै यस अभियानलाई निरन्तरता प्रदान गर्नुहुन नेपालका ख्याति प्राप्त वरिष्ठ कलाकारज्यूहरु मदन कृष्ण श्रेष्ठ,हरिवंश आचार्य, समता स्कूलका संस्थापक उत्तम सञ्जेल र समता ग्लोवल सिनेटका अध्यक्ष डा उत्तम गौलीलाई यस समिति विशेष अनुरोध गर्दछ ।

सर्वे भवन्तु सुखिन :
सर्वे सन्तु निरामया
सर्वे भद्राणी पश्चयन्तु मा
कश्चिचद दुःख भाग्वेत ।
ओम शान्ति शान्ति :शान्ति ।

समितिको तर्फवाट

पूजा चन्द , संयोजक
डा. कृष्ण विष्ट

भीम विके

जीतेन्द्र राणा

डा विष्णु जोशी

तीर्थराज पाण्डेय

रविन शर्मा

मधुकर अधिकारी ,सदस्य सचिव

१ अक्टोवर २०२३

यस रिपोर्टलाई अन्तिम रुप दिइएकोले यसमा उल्लेख भएका विवरणहरुमा हामीहरु सम्पूर्ण कमिटी सदस्यहरु एक मतले यसलाई अनुमोदन गर्दछौं । यस रिपोर्टको कार्यान्वयनको चरणमा आवश्यक परेको खण्डमा हामीहरु सहभागी भएर यसको कार्यान्वयनलाई सहजीकरण गर्न प्रतिवद्ध रहेका छौं ।

हस्ताक्षर

पूजा चन्द , संयोजक

डा. कृष्ण विष्ट

भीम विके

जीतेन्द्र राणा

डा विष्णु जोशी

तीर्थराज पाण्डेय

रविन शर्मा

मधुकर अधिकारी ,सदस्य सचिव

# अनुसूचीहरु

## अनुसूची १

समता ग्लोवल सिनेटको जुलाई ९ को वैठक द्धारा संयोजकको रुपमा भूमिका निर्वाह गर्न पूजा चन्दलाई पत्र दिईएको थियो ।( पत्र प्राप्त मिति १० जुलाई २०२३ ) संयोजक पूजा चन्दले प्राप्त म्याण्डेट अनुसार सदस्यहरुमा ७ जनाको नियुक्त। यसरी नियुक्त हुनभएकाहरुमा भीम विके,डा.कृष्ण विष्ट, डा विष्णु गौतम , तीर्थराज पाण्डेय, जीतेन्द्र राणा, रविन शर्मा र मधुकर अधिकारी । अधिकारीलाई सदस्य – सचिवको रुपमा काम गर्नका लागि जिम्मेवारी तोकिएको थियो ।

## अनुसूची २

यस रिपोर्ट तयार पार्नका लागि गरिएको वैठक तथा अध्ययन गरिएको कागजातहरुको विवरण

क) अध्ययन गरिएको विवरण

१. समता ग्लोवल सिनेटको तर्फवाट नेपाल स्थित अमेरिकी दूतावासलाई लेखिएको पत्र

२. समता ग्लोवल सिनेटको तर्फवाट उत्तम सञ्जेलाई रकम वुझाइएको भर्पाई

३. समता ग्लोवलको तर्फवाट कार्यक्रम गर्दा कार्यक्रम संयोजकहरुलाई गरिएको पत्राचार

४. समता शैक्षिक गुठीले २०७९ साल पुष १९ गते लेखेको पत्र

५.समता शैक्षिक गुठीले २५ जनवरी २०२३ मा लेखेको पत्र

६. समता ग्लोवल सिनेटले लेखेको पत्र जनवरी ३१ ,२०२३

७. समता ग्लोवल सिनेटले लेखेका पत्र २१ जनवरी २०२३

८. बैकको स्टेटमेन्ट

९. समता स्कूलको नाममा पठाइएको रकमको विवरण २१ जनवरी २०२३ को सचिवद्धारा हस्ताक्षर

१०.उत्तम सञ्जेलले नोभेम्वर २३,२०२२ मा हस्तलिखित रुपमा रकम निकासाका लागि गर्नु भएको अनुरोधको पत्र

११. उत्तम सञ्जेलले १४ हजार ८४५ डलरको लागि गर्नु भएको निवेदन तथा भर्पाईको विवरण

१२. १३ डिसेम्वर २०२२ मा न्यूयोर्कवाट उत्तम सञ्जेलले वुझिलिनु भएको ३ हजार ४ सय डलरको विल भपाई ।

१३. विभिन्न समयमा आएका भिडियो क्लिपहरु सञ्चारमाध्यमका समाचारहरु र सामाजिक सञ्जालमा लेखिएका विवरणहरु

१४ सार्वजनिक गरिएका विवरणहरु

१५. समता ग्लोवल सिनेटले तयार पारेको सिनेटरहरुले भर्नु भएको १०० वटा फर्मको विवरण

१६. संस्थाको वाईलज

१७. अन्य विवरणहरु ।

## अनुसूची ३

१. वैठकको विवरण  प्रारम्भिक छलफल जुलाई १६ तारिख २०२३

२. संकलन गरिने खाका,विवरणको वारेमा वैठक जुलाई २३ तारिख २०२३

३. विभिन्न एजेण्डा वारेको छलफल जुलाई ३० तारिख २०२३

४.  छलफल, प्रश्नोत्तर अगष्ट ६ ,तारिख २०२३

५.  छलफल, प्रश्नोत्तर अगष्ट १३,तारिख २०२३

६.  छलफल, प्रश्नोत्तर अगष्ट २०,तारिख २०२३

७.  छलफल, प्रश्नोत्तर अगष्ट २७तारिख २०२३

८.  छलफल, प्रश्नोत्तर सेप्टेम्वर ३. तारिख २०२३

९.  छलफल, प्रश्नोत्तर सेप्टेम्वर १० तारिख २०२३

१०. रिपोर्ट तयारी वैठक सेप्टेम्वर १७तारिख २०२३

११. रिपोर्ट उपर छलफल सेप्टेम्वर २४ तारिख २०२३

१२. रिपोर्ट लाई अन्तिम रुप अक्टोवर १ तारिख २०२३

१३. रिपोर्ट हस्तान्तरण अक्टोवर १ तारिख २०२३

१४. रिपोर्ट कार्यान्वियन मिति (अधिकतम ९० दिन)  डिसेम्बर २९,२०२३

*(* नोटः वैठक हरेक आईतवार  विहान ९ वजे देखि अपरान्ह १ वजेसम्म बसेको थियो *)*